नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं.: १२९

मितिः- २०७६/०७/२८

विषयः- *निर्णय कार्यान्वियन गर्ने गराउने वारे ।*

श्री स्थानीय तहहरु, सवै (७५३) ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालय, अन्तर सरकारी वित्त व्यवस्थापन महाशाखाको च.नं. १५२ मिति २०७६/०७/२७ को पत्रवाट देहाय अनुसारको निर्णय वमोजिम सवै स्थानीय तहहरुलाई पत्राचार गरिदिने व्यवस्थाका लागि लेखि आएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

१ नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम स्थानीय तहहरुले आफ्नो सभामा प्रत्येक वर्ष वजेट पेश गरी पारित गर्नु पर्नेमा हालसम्म ३७ वटा स्थानीय तहहरुले सो वमोजिम वजेट पारित नगरेकोले ती स्थानीय तहहरुलाई वजेट तर्जुमा गरी सभावाट पारित गर्न यस मन्त्रालय मार्फत सवै स्थानीय तहहरुलाई पत्राचार गर्ने ।

२ नेपालको संविधान र कानूनी व्यवस्था वमोजिम आ.व. २०७६/०७७ को वार्षिक वजेट तथा कार्यक्रम आफ्ने सभावाट पारित नगर्ने ३७ वटा स्थानीय तहहरुलाई संघीय सरकारवाट प्राप्त हुने अनुदान रकम नेपाल सरकारले रोक्का राख्ने जानकारी सम्वन्धित स्थानीय तहहरुलाई दिने ।

३ आ.व. २०७५/०७६ को आम्दानी खर्चको एकीकृत विवरण महालेखा नियन्त्रक कार्यालयमा नपठाउने स्थानीय तहहरुलाई २०७६ कार्तिक मसान्तसम्म उक्त विवरण अनिवार्य रुपमा पेश गर्ने ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

*<u>वोधार्थः</u>*
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः Web Site मा Website गरिदिनुहुन ।